कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

## फलफुल (कागती) प्रबर्द्धन कार्यक्रम कमलामाई १ का लागि प्रस्ताव आव्हानको सूचना।

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/०८/१०)

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०९/१७)

यस कमलामाई नगरपालिकाको आ.ब. २०८१/८२ बागमती प्रदेश तर्फको सशर्त बार्षिक स्वीकृत फलफुल (कागती) प्रबर्द्धन कार्यक्रम लागत साझेदारिमा संचालन हुन गईरहेको हुँदा यस कमलामाई नगरपालिका वडा नं. १ का इच्छुक कृषि फर्म/कृषक समुह/कृषि सहकारीले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/०९/०२ गते।) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित वडाको कृषि प्राविधिक मार्फत वा स्वंयम् यस कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यस दिन पछिको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र निवेदन पेश गरिसक्नु पर्नेछ। रित नपुगेको वा म्याद नाघी हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको कुल लागत | कार्यक्रम संचालन हुने क्षेत्र | प्रस्तावना पेश गर्न सक्ने लाभग्राहि |
|---|---|---|---|---|
| १ | फलफुल (कागती) प्रबर्द्धन कार्यक्रम कमलामाई १ | १० लाख | क.न.पा. -१ | कृषि फर्म/कृषक समुह/कृषि सहकारी |

**आवश्यक कागजात/शर्तहरु**

१) माग निवेदन प्रस्तावना सहित। (प्रस्तावना पत्र सम्वन्धित वडा कार्यालय वा कृषि विकाश शाखा बाट लिन सकिने)

२) अनुसुची – १ बमोजिमको प्रतिबद्धता पत्र।

३) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

४) कागती खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपी वा वहालमा लिइएको भए सम्झौता पत्रको प्रतिलिपी (ऐलानी जग्गाको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस मा क्षेत्रफलको विवरण उल्लेख हुनुपर्ने।)

५) कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाग पत्र।

६) कृषक समूह र कृषि सहकारीको हकमा योजना माग तथा तोकिएको मापदण्ड भित्र रहेर खेती गर्ने कृषकको नामावली समेत उल्लेख गरी योजना माग गरिएको सम्वन्धमा गरिएको तथा जिम्मेवारी तोकिएको निर्णयको छायाँकपी।

७) सम्वन्धित संस्थाले जिम्वेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको छायाँकपी तथा सक्कलै अक्तियारी पत्र।

८) कार्यक्रम संचालन गर्दा बागमती प्रदेश सरकार बाट स्वीकृत "स्थानिय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यन्वय कार्यविधि, २०८०" अनुसार कार्यक्रम संचालन गरिने छ साथै उक्त कार्यकविधि संसोधन भएमा भने संसोधित कार्यविधि अनुसार हुनेछ।

९) सुचनामा उल्लेखित नभएका कुराहरुको हकमा कार्यक्रम कार्यान्वयन सम्बन्धि कार्यविधि तथा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज, फोन नं. ०४७-५२१२३४ तथा कार्यालयको वेवसाईट https://kamalamaimun.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

**बोधार्थ,**

श्री १ नं. वडा कार्यालय - सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन तथा आवश्यक समन्वय गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा - यस नगरपालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा सूचना राखि तथा सम्वन्धित वडा वडा कार्यालयलाई ईमेल समेत गर्नु हुन।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner